वेनीघाट रोराङ गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड : १ संख्या : १० मिति : २०७४ साल चैत्र २८

**भाग-२**

# वेनीघाट रोराङ गाउँपालिका

## भौतिक पूर्वाधार मर्मत सम्भार कोष सञ्चालन निर्देशिका २०७४

**प्रस्तावना**

वेनीघाट रोराङ गाउँपालिकाद्वारा संचालन गरिएका विभिन्न भौतिक पूर्वाधार सम्बन्धी योजनाहरुको नियमित मर्मत सम्भार तथा व्यवस्थापन गरी दिगो पूर्वाधार विकास कार्यक्रमहरु सञ्चालन गर्नु पर्ने भएकाले, जनसहभागितामूलक भौतिक पूर्वाधार विकासका कार्यक्रममा उपभोक्ताहरुको नियमित सहभागिताद्वारा भौतिक पूर्वाधार विकासमा स्थानीय बासिन्दाहरुको स्वामित्व ग्रहण गर्ने वातावरण बनाउन तथा वेनीघाटगाउँपालिकाको योजना तथा कार्यक्रम संचालन निर्देशिका २०७४ को कार्यान्वयनमा सहजता प्रदान गरी यस कार्यालयबाट सञ्चालन गरिने भौतिक पूर्वाधार विकास कार्यक्रमहरुलाई अझ बढी गुणस्तरीय, मितव्ययी, पारदर्शी तथा दिगो रुपमा व्यवस्थापन र सञ्चालन

गर्न आवश्यक भएकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले प्रदान गरेको अधिकार प्रयोग गरी यो निर्देशिका जारी गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१) संक्षिप्त नाम र प्रारम्भ

क) यस निर्देशिकाको नाम "वेनीघाट रोराङ गाउँपालिकाको भौतिक पूर्वाधार मर्मत सम्भार कोष सञ्चालन निर्देशिका" २०७४ रहनेछ ।

ख) यो निर्देशिका वेनीघाट रोराङ गाउँपालिकाको गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

२) परिभाषा

बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

क) "मर्मत सम्भार" भन्नाले वेनीघाट रोराङ गाउँपालिकाले निर्माण गरेका सबै खालका पूर्वाधार योजनाहरुको नियमित मर्मत सम्भार र स्तरोन्ती गर्ने कार्यलाई सम्झनु पर्छ ।

ख) ऐन भन्नाले "स्थानीय सरकार सञ्चालन ऐन, २०७४" लाई सम्झनु पर्छ ।

ग) "शाखा" वेनीघाट रोराङ गाउँपालिकाको विषयगत शाखालाई सम्झनु पर्छ ।"(घ) "समिति" भन्नाले यस निर्देशिकाको दफा '३' बमोजिम गठित समितिलाई सम्झनु पर्छ ।

ङ) "उपभोक्ता समिति" भन्नाले संचालित योजनाबाट प्रत्यक्ष लाभान्वित तथा जनसहभागितामूलक पूर्वाधार विकासका लागि गाउँपालिकामा दर्ता भएको समितिलाई सम्झनु पर्छ ।

## परिच्छेद २

वेनीघाट रोराङ गाउँपालिकाको भौतिक पूर्वाधार मर्मत सम्भार कोष सञ्चालन समितिको गठन तथा काम, कर्तव्य र अधिकार

३) मर्मत सम्भार कोष सञ्चालन समितिको गठन देहाय बमोजिम हुनेछ :

(क) गाउँपालिकाका अध्यक्ष - अध्यक्ष

(ख) पूर्वाधार विकास समितिका संयोजक - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) कार्यपालिकाका सदस्यहरुमध्ये एक जना महिला सहित अध्यक्षले मनोनित गरेका दुई जना - सदस्य

(ङ) आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य

(च) योजना अनुगमन तथा तथ्याङ्क शाखा प्रमुख - सदस्य

(छ) प्राविधिक शाखा प्रमुख - सदस्य सचिव

४) सञ्चालन समितिको बैठक सामान्यतया ३ महिनामा एक पटक बस्नेछ। बैठक अध्यक्षको आदेशले सदस्य सचिवले बोलाउने छ। आवश्यकता अनुसार सञ्चालन समितिको बैठक जुनसुकै समयमा पनि बोलाउन सकिनेछ।

५) सञ्चालन समितिको सम्पूर्ण सदस्य संख्याको कम्तीमा ५१ प्रतिशत सदस्य उपस्थित भएमा बैठकको गणपूरक संख्या पुगेको मानिने छ। बैठकको निर्णय अध्यक्षले प्रमाणित गर्नुपर्नेछ।

६). सञ्चालन समितिको काम, कर्तव्य र अधिकार :-

सञ्चालन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

क) गाउँपालिका क्षेत्रभित्र रहेका भौतिक पूर्वाधारहरुको लगत (Inventory) तयार गर्ने गराउने।

ख) लगत (Inventory) अनुसार नियमित मर्मत गर्नु पर्ने नियमित मर्मत सम्भार र स्तरोन्तीको कार्यहरु गर्ने।

(ग) सम्पन्न पूर्वाधारका योजनाहरूको प्राथमिकता निर्धारण गरी एकीकृत मर्मत-सम्भार योजना बनाउने र सोहीअनुसार मर्मत-सम्भार कार्यक्रम सञ्चालन गर्ने।

(घ) गाउँपालिका भित्रका भौतिक पूर्वाधार विकासको नियमित, मर्मत सम्भार, स्तरोन्ती कार्यलाई प्रभावकारी बनाउन सम्बन्धित सरकारी तथा गैर सरकारी निकायहरुसंग समन्वय गरी कोष बृद्धिका लागि पहल गर्ने ।

(ङ) मर्मत-सम्भारमा उपभोक्ता समिति र अन्य निकाय समेतको सहभागिताका लागि पहल गर्ने।

(च) मर्मत-सम्भारलाई दिगो र भरपर्दो बनाउन पारदर्शिता एवं मितव्ययिता अपनाउने ।

(छ) पूर्वाधार मर्मत-सम्भार कार्य सिलवन्धि दरभाउ पत्र, वोलपत्र मार्फत गराउन पहल गर्ने ।

(ज) मर्मत कार्यको अनुगमन मूल्यांकन गर्दै मर्मत-सम्भार कार्य प्रभावकारी ढङ्गवाट सञ्चालन गर्ने ।

(झ) कोषको वार्षिक, अर्धवार्षिक कार्यक्रम तयार गरी स्वीकृत गर्ने ।

(ञ) कोषका कार्यहरूको प्रगति समीक्षा गर्ने/गराउने ।

७). सञ्चालन समितिका अध्यक्षको काम कर्तव्य र अधिकार :-

अध्यक्षको काम, कर्तव्य तथा अधिकार देहायबमोजिम हुनेछ ।

(क) बैठकको अध्यक्षता गर्ने ।

(ख) बैठक बोलाउन सदस्य-सचिवलाई निर्देशन दिने ।

(ग) बैठकमा प्रतिवेदन पेश गर्ने, प्रस्ताव पेश गर्ने गराउने ।

(घ) समितिका सदस्यहरूलाई कामको बाँडफाँड गर्ने तथा कामको आवश्यक समन्वय गर्ने ।

(ङ) कोषको वित्तीय स्रोत जुटाउने र परिचालन गर्ने गराउने ।

(च) कोषका निर्णयहरू सार्वजनिक गरी पारदर्शिता कायम गराउने ।

(छ) कोषका बैठक सहभागितात्मक रूपमा सञ्चालन गराउने ।

(ज) कोषका तर्फबाट अन्य निकायमा प्रतिनिधित्व गर्ने गराउने ।

(झ) कोषका तर्फबाट अन्य निकाय, संघ/संस्थासँग सम्झौता गर्नुपर्ने भए गर्ने, गराउने ।

(ञ) कोषको योजना तर्जुमा तथा स्वीकृत गर्न गराउन आवश्यक कार्यवाही गर्ने गराउने ।

(ट) कोषका कामको अनुगमन मूल्यांकन गर्ने गराउने ।

८) सदस्य सचिवको काम, कर्तव्य र अधिकार :-

कोष सञ्चालन समितिका सदस्य सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) अध्यक्षको आदेशानुसार बैठक बोलाउने, अध्यक्षसँगको सल्लाहमा छलफलका विषयवस्तुहरू तयार गरी निर्णयार्थ बैठकमा पेश गर्ने ।

(ख) बैठकको निर्णय लेख्ने, कोषका सबै कागजातहरू जिम्मा लिने ।

(ग) कोषसँग सम्बन्धित सूचनाहरू, तथ्यांक तथा अभिलेख अद्यावधिक गर्ने ।

(घ) कोषका प्रशासनिक तथा अन्य दैनिक कार्यहरू गर्ने ।

(ङ) कोषका कार्यक्रम तर्जुमा तथा स्वीकृत र कार्यान्वयन गराउन आवश्यक कार्यवाही गर्ने ।

(च) कार्यक्रमहरूको अनुगमन गर्ने गराउने ।

(छ) कोषको चलअचल सम्पत्तिको संरक्षण गर्ने गराउने ।

(ज) अध्यक्षले तोकेका अन्य कार्यहरू गर्ने ।

९) सदस्यको काम, कर्तव्य र अधिकार :-

कोषको सदस्यको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) बैठकमा उपस्थित भई छलफलमा सक्रियतापूर्वक भाग लिने ।

(ख) अध्यक्षको काममा सहयोग पुऱ्याउने ।

(ग) तोकिएको जिम्मेवारी पूरा गर्ने ।

(घ) बैठकको निर्णयमा पुग्न मतदान गर्नुपर्ने भए मतदान गर्ने ।

(ङ) कोषका कार्यक्रमहरू कार्यान्वयन गर्न सहयोग पुऱ्याउने ।

(च) अध्यक्षले तोकेका अन्य कार्यहरू पूरा गर्ने ।

## परिच्छेदेद-३

## आर्थिक तथा प्रशासनिक व्यवस्था

१०. कोषको वित्तीय व्यवस्थापन :-

१०.१. कोषको नाममा एउटा खाता रहनेछ । जसमा देहायका रकमहरू रहनेछन् :-

(क) गाउँपालिकाबाट मर्मत-सम्भारका लागि छुट्याइने वार्षिक रकम ।

(ख) वित्तीय समानिकरण अनुदान, शशर्त अनुदान वा विशेष अनुदानबाट सडक मर्मतका लागि खर्च लेख्न मिल्ने रकम ।

(ग) दातृ निकाय, परियोजना, गैरसरकारी संस्थाबाट प्राप्त हुने रकम ।

(घ) कोषलाई अन्य क्षेत्रबाट प्राप्त हुने रकम ।

१०.२. कोषको रकम गाउँपालिकाको अन्य सरकारी कारोवार हुने बैंकमा एउटा छुट्टै खाता खोली जम्मा गरिने छ । कोषको सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखाका प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

१०.३ कोषको आन्तरिक लेखा परिक्षण आन्तरिक लेखा परिक्षण शाखावाट हुनेछ । आन्तरिक लेखापरीक्षण शाखा स्थापना नभएसम्म नेपाल सरकारले तोकेको निकायबाट आन्तरिक लेखापरीक्षण गर्नु पर्नेछ ।

१०.४ कोषको अन्तिम लेखा परिक्षण महालेखा परिक्षकको विभागबाट हुनेछ ।

११. कोषको आर्थिक व्यवस्था :-

कोषको आर्थिक व्यवस्था यस निर्देशिकामा तोकिएको कुरामा यसै निर्देशिका बमोजिम र अन्य कुराको हकमा वेनीघाट रोराङ गाउँपालिकाको आर्थिक ऐन, तथा अन्य प्रचलित कानुन वमोजिम हुनेछ ।

१२. अन्य क्षेत्रमा खर्च गर्न नमिल्ने :-

कोषमा जुन प्रयोजनका लागि रकम प्राप्त भएको हो सोही प्रयोजन बाहेक अन्य कार्यमा कोषको रकम खर्च गर्न पाइने छैन ।

१३. प्रशासनिक व्यवस्था :-

कोषको प्रशासनिक तथा आर्थिक कारोवार गाउँपालिकाकै कार्यालयका कर्मचारीहरूबाटै सञ्चालन गरिने छ ।

१४. बैठक भत्ता :-

कोषको व्यवस्थापन समितिको बैठकमा भाग लिने पदाधिकारी तथा सदस्यहरूलाई गाउँपालिकाका सदस्यले पाए सरहको बैठक भत्ता उपलब्ध गराइने छ ।

१५. कार्यक्रम सञ्चालनसम्बन्धी खर्चको व्यवस्था :-

१५.१ कोषबाट सञ्चालन हुने कार्यक्रमहरू कोष आफैले वा दर्ता भएका उपभोक्ता समितिले सञ्चालन गर्न सक्नेछन ।

१५.२. कोषका कार्यक्रम कोष र दर्ता भएका उपभोक्ता समिति मिलेर सञ्चालन गराउन सक्नेछन ।

१६. मर्मत सम्भार सम्बन्धी योजना छनौट प्रक्रिया

क) प्राविधिक शाखाले तत्काल मर्मत सम्भार गर्नु पर्ने भनी स्थलगत रुपमा स्थानीय जनताको माग तथा उक्त मागलाई पुष्टि हुने प्राविधिक प्रतिवेदन प्राप्त भएका मर्मत सम्भार सम्बन्धी कार्यहरु छनौट गरी कार्यादेश भएको मितिले अधिकतम १ महिनाभित्रमा मर्मत सम्भार गरिसक्नु पर्नेछ ।

ख) गाउँपालिकाको लागत सहभागितामा सम्पन्न तथा उपभोक्ता मार्फत भएका भौतिक पूर्वाधार योजनाहरुको उपभोक्ता समितिले मर्मत सम्भारका लागि कूल लागतको ४० प्रतिशत रकम जम्मा गरेमा उक्त कार्य प्राथमिकतामा राखी गर्ने ।

ग) वेनीघाट रोराङ गाउँपालिकाको योजना तथा कार्यक्रम सञ्चालन निर्देशिका, २०७४ बमोजिम हस्तान्तरण भएका आयोजनाहरुको हकमा ५० प्रतिशत रकम त्यस्ता उपभोक्ता समितिबाट व्यहोर्ने खालका मर्मत सम्भारका योजनाहरुलाई प्राथमिकतामा राखी छनौट गर्ने ।

(घ) बुँदा १६ (क), (ख) र (ग) बमोजिम छनौट भएका योजनाहरुको मर्मत सम्भार अनुसूची १ बमोजिम गरिनेछ ।

१७. मर्मत-सम्भार कार्य गराउने व्यवस्था

आफ्नो क्षेत्रभित्र रहेका पूर्वाधारका योजनाहरुको नियमित मर्मत-सम्भार, पटके मर्मत-सम्भार, आवधिक मर्मत-सम्भार गर्दा उपभोक्ताबाट अधिकतम रूपमा स्थानीय स्रोत साधन, मानव स्रोतको प्रयोग गरी अधिकतम जनसहभागिता जुटाई प्रभावकारी रूपमा सञ्चालन गराउने व्यवस्था गरिने छ । पूर्वाधान योजना मर्मत-सम्भार कार्य गाउँपालिका आफैले पनि सार्वजनिक खरिद नियमावली २०६४ अनुसार पनि गराउन सक्ने छ ।

## परिच्छेद-४

## विविध

१८. जाँचपास तथा फरफारक :-

कोषबाट सञ्चालन गरिएका मर्मत-सम्भार कार्यहरुको जाँचपास फरफारक सञ्चालन समितिको वैठकवाट गरिने छ । जाँजपास फरफारकको अनुमोदन गाउँ सभाबाट गर्नुपर्नेछ ।

१९. वार्षिक योजनामा समावेश गर्ने :-

कोषबाट स्वीकृत वार्षिक योजना तथा कार्यक्रमहरू गाउँसभाबाट अनुमोदन गराई वार्षिक योजनामा समावेश गर्नुपर्नेछ ।

२०. निर्देशिकाको शंशोधन:-

यस निर्देशिकालाई संशोधन गर्न आवश्यक देखिएमा सञ्चालन समितिको सिफारिसमा कार्यपालिकाले शंशोधन गर्नेछ ।

२१. बचाउ र खारेजी :-

(क) कुनै कारणवश कोष संचालन हुन नसकेमा गाउँपालिकाले कोषलाई खारेज गर्न सक्नेछ ।

(ख) कोष खारेज भएपछि कोषमा रहेको चल अचल सम्पत्ति तथा दायित्व गाउँ पालिकाको स्वामित्वमा स्वतः सर्नेछ ।

अनुसूची १

## सडक मर्मत सम्बन्धी व्यवस्था

(बुँदा १६ (क), (ख) र (ग) सँग सम्बन्धित)

### १. सडकको नियमित मर्मत सम्भार :-

नियमित मर्मत सम्भार गर्दा देहाय वमोजिमको कार्यहरु गरिने छ :-

क. सडक किनाराको ढल तथा नालीको सफाई गर्ने ।

ख. सडकमा खसेको माटो र ढुंगा हटाउने ।

ग. इम्व्याकमेण्ट नाली र सडक नजिकैको घास तथा रुखको हागा काट्ने

घ. सामान्य खालको पहिरो (१.० घन मिटर सम्म) वा भूस्खलन हटाउने

ङ. पुल तथा कल्भर्टको सफाई गर्ने ।

च. सडकमा राखिएका अन्य सामाग्री सफाई गर्ने ।

### २. सडकको पटके मर्मत सम्भार :-

पटके मर्मत सम्भार गर्दा देहाय वमोजिमका कार्यहरु गरिने छ :-

क. माटे सडकमा सवारी साधनको चक्काले वनाएको खाल्डो पुर्ने ।

ख. क्याम्वर मिलाउने ।

ग. सडक सतहको खाल्डो पुर्ने र सडक किनारा (Shoulder) को कार्य गर्ने ।

घ. ग्राभेल सडकको पट्होल मर्मत गर्ने ।

ङ. कच्ची नालीको मर्मत गर्ने ।

च. कल्भर्ट पुलको प्यारापेट वाल, रेलिङ्ग, रिटेनिङ्ग वाल, विङ्गवाल, चेक ड्याम मर्मत गर्ने र संरक्षण गर्ने ।

छ. वायो इन्जिनियरिङ्ग गर्ने । ज. नदी संरक्षण गर्ने ।

झ. ढलको कभर वदल्ने, मर्मत गर्ने ।

ञ. ठूलो पहिरो र भूस्खलन हटाउने ।

ट. कालोपत्रे सडकको पटहोल मर्मत गर्ने, पेनभेण्ट एज मर्मत गर्ने र सामान्य क्रयाकको सिलिङ्ग गर्ने ।

**३. आवधिक मर्मत सम्भार :-**

क. कच्ची नाली निर्माण गर्ने ।

ख. पानी निकासको लागि सडकमा ढुङ्गा सोलिङ्ग गरि कज्वे निर्माण गर्ने ।

ग. माटे सडकमा भिरालो सडक सतहमा सोलिङ्ग गर्ने ।

घ. ग्राभेल सडकमा सतहको ग्रेडिङ्ग ब्लेडिङ्ग गर्ने ।

ङ. ग्राभेल सडकमा १० से.मी. रि ग्राभेलिङ्ग गर्ने ।

च. मेसिनरी संरचनाको मर्मत गर्ने ।

छ. कालोपत्रे सडकमा सर्फेस ड्रेसिङ्ग, स्लरी, सिलिङ्ग, प्रिमिक्स, सर्फेसिङ्ग कार्य गर्ने ।

ज. ह्युम पाईप तथा ग्याविन जालीको व्यवस्था गर्ने ।

**४ आकस्मिक मर्मत सम्भार :-**

क. आकस्मिक पहिरो सफा गर्ने ।

ख. क्रस ड्रेन स्ट्रक्चर सहित डाइभर्सन निर्माण गर्ने ।

ग. आकस्मिक स्लोप, स्टेविलाइजेसन गर्ने ।

घ. सडक पुल कल्भर्ट लाई वाढीवाट क्षती पुगेमा संरक्षण गर्ने ।

आज्ञाले,
हर्ष बहादुर थापा
प्रमुख प्रशासकीय अधिकृत